कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर बाँके ,
लुम्बिनी प्रदेश, नेपाल

Google Plus Code
6M2Q+5V 7Kohalpur

प:.सं.२०८०/०८१
च:.नं.

## स्वास्थ्य संस्था दर्ता, व्यवसायिक दर्ता तथा नवीकरण सम्बन्धी सूचना !!!

### सूचना प्रकासन मिती : २०८०/०५/०१

यस कोहलपुर नगरपालिका अन्तरर्गत रहेका निजी स्वास्थ्य सम्बन्धी क्लिनिक, आयुर्वेद क्लिनिक, फार्मेसी, अस्पताल (१५ बेड सम्म), पोलिक्लनिक, डेन्टल, आँखा सम्बन्धी क्लिनिक, प्रयोगशाला, अक्युपन्चर, फिजियोथेरापी लगायतका स्वास्थ्य सेवा प्रदायक स्वास्थ्य संस्था दर्ता, व्यवसायिक दर्ता तथा नवीकरण गर्नका लागि तपसिल बमोजिमका आवश्यक कागजपत्र सहित सूचना प्रकासित भएको मिति ले पन्ध्र(१५) दिन भित्र कोहलपुर नगरपालिका कार्यालयको नगर स्वास्थ्य शाखा मा निवेदन दिनुहुन सूचित गरिन्छ ।

क) स्वास्थ्य संस्था दर्ता तथा व्यवसायिक दर्ता गर्न आवश्यक कागजात:

१. कम्पनी दर्ता/संस्था दर्ताको प्रमाणित प्रतिलिपी
२. संस्था/कम्पनी को विधान, प्रबन्ध पत्र नियमावलिको प्रतिलिपी
३. स्थायी लेखा प्रमाण-पत्रको प्रतिलिपी
४. संस्थापक सदस्यहरुको नागरिकताको प्रतिलिपि
५. स्थापना गर्न लागिएको ठाउँमा अस्पताल आवस्यक छ भन्ने स्थानिय तह र प्रदेशको सम्बन्धीत निकायको सिफारिस पत्र
६. स्वास्थ्य संस्थाको सर्भेक्षण सहितको प्रस्ताब
७. स्वास्थ्य संस्थाले लिने सेवा शुल्कको विवरण
८. भवन स्वीकृती नक्सा/घर बहाल सम्झौता
९. कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि (लागु हुने अवस्था सम्म)

ख) स्वास्थ्य संस्था नवीकरण गर्न आवश्यक कागजातहरु:

१. स्वास्थ्य संस्थाको इजाजत पत्र र पछिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि
२. स्वमूल्याङ्कन प्रतिबेदन, नियमित रुपमा पेश गरेको प्रमाणपत्र
३. स्वास्थ्य संस्था तथा सेवा संचालन सम्बन्धी मापदण्डकायम गरेको पुष्टयाई सहितको स्वघोषण

.............................
टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत